Australian Government
Services Australia

NEPALI

# Income compliance program settlement payments

Income Compliance वा robodebt सामुहिक कानूनी मुद्दामा संलग्न रहेका मानिसहरुलाई Services Australia ले पत्राचार गरिरहेको छ।

यदी तपाईं सामुहिक कानूनी मुद्दामा संलग्न हुनुहुन्छ भने, तपाईंले 19 नभेम्बर 2021 सम्ममा एक पत्र पाउनुहुने छ जसमा तपाईंको ऋण वर्गीकरण बारे र यदि तपाईं सम्झौता भुक्तानी प्राप्त गर्न योग्य हुनुहुन्छ कि भन्ने बारे जानकारी रहने छ।

तपाईंले Services Australia बाट कसरी पत्रहरु प्राप्त गर्ने चाहना व्यक्त गर्नुभएको थियो, त्यस अनुसार तपाईंको पत्रलाई तपाईंको myGov खातामा वा हुलाक मार्फत पठाइने छ।

सामुहिक कानूनी मुद्दामा संलग्न प्रत्येक सदस्यले सम्झौता भुक्तानी पाउने छैनन्।

पत्रमा तपाईंले कति रकम पाउनु हुनेछ भन्ने बारे बताइने छैन। यदि तपाईं योग्य हुनुहुन्छ भने, Services Australia ले सन् 2022 को पहिलो ६ महिना भित्र पुनः पत्राचार गर्दै तपाईंलाई उनीहरुले कति रकम तिर्ने बारे जानकारी गराउने छन्।

प्रायः मानिसहरुले धेरै सम्झौता भुक्तानी पाउने छैनन्। अधिकांस सम्झौता भुक्तानीहरु $५० र $३०० को बिचमा रहने छन्।

सम्पूर्ण योग्य सदस्यहरुका लागि सम्झौता भुक्तानीबारे हामी गणना गर्नेछौं, चाहे उनीहरुले आफ्नो ऋणको सानो रकम मात्र चुक्ता गर्नुभएको भएपनि। यसको मतलब समूहका केही सदस्यहरुले $१० भन्दा कम रकम पाउने छन्।

यदि तपाईंले हाल Centrelink भुक्तानी पाउनु हुन्छ भने, अथवा हालै आफ्नो Income Compliance debt फिर्ता पाउनु भएको थियो भने, तपाईंको सम्झौता भुक्तानी पनि त्यही बैंक खातामा जम्मा गरिने छ।

यदि तपाईं आफ्नो बैंकको विवरण परिवर्तन गर्न चाहनुहुन्छ भने, तपाईंले यसको लागि myGov मार्फत आफ्नो Centrelink अनलाइन खाता प्रयोग गर्न सक्नुहुन्छ। तपाईंले 11 फेब्रुवरी 2022 सम्ममा आफ्नो विवरण अधावधिक गरिसक्नु पर्ने छ।

यदि तपाईंले नियमित रूपमा हाम्रो तर्फबाट भुक्तानी प्राप्त गर्नुहुन्न भने, र तपाईंले रकम फिर्ती प्रक्रिया अन्तर्गत हामीलाई आफ्नो बैंक विवरण दिनु भएको छैन भने, आफ्नो सम्झौता भुक्तानी पाउन तपाईंले त्यसो गर्नु आवश्यक रहेको छ।

यदि तपाईंलाई लाग्छ कि Services Australia ले तपाईंको सम्पूर्ण योग्य ऋणहरुलाई पत्रमा समावेश गरेको छैन भनेर, अथवा तपाईंको ऋणलाई गलत वर्गीकरण गरिएको तपाईंलाई लाग्छ भने, तपाईंले समिक्षाको लागि माग गर्न सक्नुहुन्छ। तपाईंले 10 डिसेम्बर 2021 सम्ममा समिक्षाको लागि माग गरिसक्नु पर्ने छ।

यसको लागि तपाईंले आफ्नो Centrelink अनलाइन खातामा ‘Class action settlement query’ पूरा गर्न सक्नु हुनेछ।

आफ्नो भाषामा थप जानकारीका लागि, **servicesaustralia.gov.au/classaction** मा हेर्नुहोस्।

तपाईंले **1800 171 846** मा फोन गरेर Services Australia संग सम्झौता प्रक्रिया बारे कुराकानी गर्न सक्नु हुन्छ। यदि तपाईंलाई दोभाषे चाहिन्छ भने हामीलाई बताउनुहोस् र, हामी एक जना दोभाषेको नि:शुल्क बन्दोबस्त गर्ने छौं।

# Income compliance program settlement payments

Services Australia is writing to people who are part of the Income Compliance or robodebt class action.

If you are part of the class action, you will get a letter by 19 November 2021 with information about your debt categories and if you are eligible for a settlement payment.

Your letter will be sent to your myGov inbox or by post, depending on how you choose to get letters from Services Australia.

Not every class action member will get a settlement payment.

The letter will not tell you how much money you will get. If you are eligible, Services Australia will write to you again in the first half of 2022 to let you know the amount before they pay you.

Most people will not get a large settlement payment. The majority of settlement payments will be between $50 and $300.

We'll calculate settlement payments for all eligible group members, even if they only repaid a small amount of their debt. This means some group members will get less than $10.

If you currently get a Centrelink payment, or recently got a refund of your Income Compliance debt, your settlement payment will go into the same bank account.

If you want to change your bank details, you can do this using your Centrelink online account through myGov. You have until 11 February 2022 to update your details.

If you do not get a regular payment from us, and have not given us your bank details as part of the refund process, you must do this to get your settlement payment.

If you think Services Australia has not included all of your eligible debts in the letter, or you think your debts have been put in the wrong category, you can ask for a review. You need to ask for a review by 10 December 2021.

You can do this by completing the 'Class action settlement query' in your Centrelink online account.

For more information in your language, go to **servicesaustralia.gov.au/classaction**.

You can also call **1800 171 846** and speak to Services Australia about the settlement process. Let us know if you need an interpreter, and we will arrange one for free.